नेपाल सरकार
# विज्ञापन बोर्ड
बबरमहल, काठमाडौं, नेपाल

सम्पर्क नं.०१-५९०९३४४

## सूचना

सामाजिक सञ्जाललगायत विभिन्न माध्यममा विभिन्न प्रकार र नामका चिया, तेल, स्याम्पो, औषधिजस्ता वस्तुले विभिन्न खालका रोग निको पार्ने तथा जुनसुकै स्वास्थ्य समस्या पनि समाधान गर्ने भन्दै चर्को मुल्य राखी बिक्री वितरणका लागि भ्रमपूर्ण विज्ञापन प्रकाशन तथा प्रसारण गरेको अनुगमनको क्रममा पाईएको छ। ती विज्ञापनमा वस्तु वा सेवा उत्पादन गर्ने व्यक्ति र कम्पनीको नाम समेत उल्लेख भएको नपाईएको र त्यस्ता विज्ञापनका विषयमा बोर्डमा उजुरी समेत प्राप्त भईरहेको ब्यहोरा जानकारी गराईन्छ ।

बोर्डबाट श्रव्य, दृष्य तथा श्रव्यदृष्य विज्ञापन सामग्री प्रसारण गर्नुपुर्व परीक्षण गराएर मात्र प्रसारण गर्नुपर्ने व्यवस्था विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा १५ ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को दफा ५ मा भएको साथै विज्ञापन गर्दा विज्ञापनकर्ताको नाम र ठेगाना स्पष्ट रुपले उल्लेख हुनुपर्ने ब्यवस्था ऐनको दफा ९ मा रहेकोले उक्त कानूनी व्यवस्था विपरित प्रसारण भएका त्यस्ता विज्ञापन तत्काल रोकी यो सूचना प्रकाशन भएको मितिले ३ (तीन) दिन अनुमति लिएर मात्र प्रसारण गर्नु गराउनु हुन अनुरोध छ। अनुमति वेगर विज्ञापन निरन्तर प्रसारण गरेमा कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाईने ब्यहोरा समेत सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

मिति: २०८१/०२/०६

निशानराज गौतम
प्रवक्ता एवं प्रमुख प्रशासकीय अधिकृत
विज्ञापन बोर्ड